## खण्ड १ : सिलबन्दि दरभाउ-पत्र सम्बन्धी सूचना

पुचौंडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हाट, बैतडी
सुदुरपश्चिम प्रदेश
नेपाल

***अत्याबश्यक औषधि खरिद सम्बन्धी सिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना***

**दरभाउ-पत्र नं. ०२-०७५/०७६**

**(प्रथम पटक प्रकाशित मितिः (२०७६।०१।३१)**

यस कार्यालय अन्तर्गत सम्पूर्ण स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क औषधी वितरण को लागी अत्याबश्यक औषधिं खरिद गर्नु पर्ने भएकोले इच्छुक ईजाजत प्राप्त कम्पनी, फर्म तथा सप्लायर्सहरुबाट देहायका शर्तका अधिनमा रही सिलबन्दी दरभाउ-पत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउ-पत्र फाराम पहिलो पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु १,०००।- (अक्षरुपी एक हजार मात्र) तिरी, पछि फिर्ता नहुने गरी यस कार्यालय बाट दरभाउ-पत्र खरिद गर्न सकिने छ ।

२. दरभाउ-पत्र खरिदका लागि रु १००० । तिरेको सक्कलै रसिद, आ.व.०७५/७६ का लागि नविकरण भएको फर्म ,कम्पनी दर्ता, र औपधी ब्यबसायी दर्ता , स्थायी लेखा नम्बर । मु.अ.कर दर्ता, आ.ब.०७४।०७५ को कर चुक्तागरेको प्रमाणपत्रका प्रमाणित प्रतिलिपी , खरीद कार्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन संलग्न गरी यस कार्यालयबाट दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउ-पत्र खरिद गर्न सक्नेछ ।

३. खरिद गरेको दरभाउ-पत्रमा भर्नुपर्ने सबै महल प्रष्ट सफा,शुद्ध संग (केरमेट नगरी ) लेखि, सप्लार्यसको प्रस्ट देखिने छाप लगाई रितपूर्वक भरी दरभाउपत्र खरिदका लागि रु १००० । तिरेको सक्कलै रसिद, आ.व.०७५/७६ का लागि नविकरण भएको फर्म दर्ता प्रमाणपत्र, औपधी ब्यवसायी दर्ता प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र ,स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र , आ.ब.०७४।०७५ को कर चुक्ताको प्रमाणपत्र र गत ३ आ.ब.को लेखापरिक्षण प्रतिवेदन, लगायत आबश्यक कागजातका प्रमाणित प्रतिलिपी, आपुर्ती गरिने औपधी उत्पादक कम्पनीका Authorization letter पेश गर्नुपर्ने, खरीद कार्वाहीमा भाग लिन अयोग्य नभएको लिखित घोषणा पत्र र प्रोप्राइटर स्वयं उपस्थित नभएमा निजको मन्जुरीनामाको सक्कलै निवेदन सहित ईच्छापत्र दिएको निबेदन ,तोकीएको धरौटी रकम खुल्ने सक्कलै कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२: बजेभित्र पुचौंडी नगरपालिका,नगरकार्यपालिकाको कार्यालय हाट बैतडीमा सिलबन्दी दरभाउ-पत्र दर्ता गराइसक्नु पर्नेछ । दर्ता भएका दरभाउ-पत्रहरु सोही दिनको २:०० बजे दरभाउ-पत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा पुचौंडी नगरपालिका नगरकार्यपालिकाको कार्यालय हाट बैतडीमा खोलिनेछ । दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ-पत्र खोल्नमा बाधा पर्नेछैन ।

४. सिलवन्दी दरभाउ-पत्र साथ धरौटी वापतको रकम पुचौंडी नगरपालिकाको कार्यालय हाट बैतडीको नाममा, ग्लोवल आइ. एम. ई. बैंक पुचौंडी बैतडीमा रहेको धरौटी खाता नं. C704010000005 मा जम्मा गरेको सक्कलै वैकं भौचर वा यस कार्यालयको नाममा जारी गरीएको दरभाउ-पत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा ७५

(पचहत्तर) दिन म्याद भएको नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त बैकंबाट जारी भएको बैकं ग्यारेन्टी -बिडबण्ड) को सक्कलै प्रति पेश गर्नु पर्नेछ।

५. दरभाउ-पत्र खोल्ने र बिक्रि गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ।

६. म्याद नाघी र रित नपुगी प्राप्त भएको दरभाउ-पत्र उपर कुनै कारवाही हुने छैन।

७. यस नगरपालिकाको हितलाई ध्यानमा राखी प्राप्त दरभाउ-पत्रहरु पूर्ण वा आंशिक, स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८)विश्व स्वास्थ्य संगठनको कुशल उत्पादक प्रक्रिया भएको प्रमाणित प्रमाणपत्र भएको (WHO-GMP Certified) उत्पादनकर्ताबाट उत्पादित औषधी मात्र सप्लाई गर्नुपर्नेछ। सो प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु सिलबन्दी दरभाउ-पत्र साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

९) दरभाउ-पत्र दाताले दरभाउ-पत्रमा भएको BOQ फाराम भर्न अघि दरभाउ-पत्रमा भएको दरभाउ-पत्रदाता लाई दिईएको निर्देशन अनिवार्य रुपमा अध्ययन गरी सोही बमोजिम भर्नु पर्ने छ।

१०). यस सम्बन्धि विस्तृत जानकारीको लागि बदरभाउ-पत्र फाराम (Bid Document),अध्ययन गर्न हुन र थप बुझ्न आवश्यक भएमा यस कार्यालयको फोन नं. ९८५८७९०२८२ मा कार्यालय समय भित्र,सम्पर्क गर्न सकिने छ।

११). यो सूचनामा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित नेपाल ऐन नियम कानुन बमोजिम हुनेछ।

**तपसिलः**

| सि.नं. | ठेक्का न. | विवरण | धरोटी वा बैक जमानत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | PNP/NCB **को दरभाउ-पत्र.०२ ।०७५।०७६** | **अत्यावश्यक औषधी खरिद** | ३७५००। | |

(पृथ्वीराज अवस्थी)
निमित्त प्रमुख प्रसाशकिय अधिकृत

**नि. प्रमुख प्र. ासकीय अधिकृत**